
ひとと、くらしをあったかく。
JKK東京

# JKK बसोबास पुस्तिका

—जीवन यापनका नियम—

## नेपाली संस्करण



# परिचय

「JKK बसोबास पुस्तिका」 अपार्टमेन्ट अथवा आवासीय भवनहरूमा आईपर्ने विविध खालका समस्याहरू रोक्ने उद्देश्यले तयार पारिएको पुस्तिका हो । कृपया यो पुस्तिका ध्यानपूर्वक पढ्नुहोस् । सहज रूपमा बस्ने वातावरण निर्माण गरौं ।

## छिमेकीलाई अभिवादन




जब तपाईं नयाँ ठाउँमा सर्नुहुन्छ छेउछाउ, माथिल्लो तथा तल्लो तलाका छिमेकीहरूलाई अभिवादन गर्नु महत्वपूर्ण हुन्छ ।

दैनिक रूपमा अभिवादन गर्ने बानी बसालौं, ताकि छिमेकीहरूसँग राम्रो सम्बन्ध स्थापित गर्न सकियोस । आवश्यक पर्दा एकअर्कालाई सहयोग गर्न सकियोस् ।

### स्थानीय सामुदायिक समितिको बारेमा

स्थानीय सामुदायिक समिति बासिन्दाहरूको समूह हो । समितिले सहज र आरामदायी बस्ने वातावरण पहल गर्छ । यदि तपाईंलाई कुनै समस्या छ भने स्थानीय समितिले तपाईंलाई सहयोग गर्नेछ । पहिले उनीहरूसँग परामर्श गर्नुहोस् । ( ※ केही आवासहरूमा सामुदायिक समिति हुँदैन ।)



**〔सामुदायिक समितिको मुख्य गतिविधि〕**

- **विपदको समयमा सुरक्षित हुने अभ्यास**
- **महोत्सव तथा अन्य कार्यक्रमहरूको योजना तथा सञ्चालन**
- **बालबालिका र बृद्धबृद्धाहरूको हेरचाह आदि**

### विपत्तिको समयमा एकअर्कालाई सहयोग गर्न सक्रिय रूपमा सहभागी बनौं ।

तपाईं बस्ने ठाउँमा सामुदायिक समिति छ कि छैन भनेर पत्ता लगाउन कृपया व्यवस्थापन कार्यालयमा सोधपुछ गर्नुहोस् ।



# होहल्ला

## आवासीय भवनहरूमा भवनको भित्ता तथा भूईबाट होहल्ला छरछिमेकमा प्रशारित हुन्छ ।

आवासीय भवनहरूमा शान्त वातावरण महत्वपूर्ण हुन्छ । होहल्लाले विविध खालका समस्याहरू निम्त्याउँछ ।

यदि होहल्ला भएको उजुरी परेको खण्डमा पहिले सार्वजनिक क्षेत्रको सूचना पाटीमा सूचना टाँसिने छ । तत्पश्चात पनि होहल्ला जारी रह्यो भने त्यस्ता व्यक्तिलाई चेतावनी पत्र जारी गरिनेछ । यदि अटेर गरेमा उनीहरूलाई बसोबास छोडन भनिन्छ ।

### होहल्लाबाट हुने समस्याको कारण

- ठूलो स्वरमा बोल्दा
- ठूलो आवाजमा गीत सुन्ने तथा टेलिभिजन हेर्दा
- वरण्डामा निस्केर कुराकानी गर्दा
- सांगीतिक साधन बजाउँदा
- पार्टीको आयोजना गरी गीत गाउने तथा नाच्ने गर्दा
- घरभित्र दौडदा
- झ्याल ढोका खोल्दा तथा बन्द गर्दा











# फोहर फाल्ने तरिका

फोहर फाल्ने तरिका तथा नियम तपाईं बस्ने स्थानीय सरकारको नियम अनुसार **फोहरको प्रकार, फाल्ने स्थान र फाल्ने दिन निर्धारित हुन्छ ।**

यदि तपाईंले फोहोर फाल्ने नियमको पालना गर्नु भएन अथवा फोहोर छुट्टाएर फाल्नु भएन भने तपाईंको फोहोर संकलन हुँदैन। त्यसो त फोहोर संकलन नभएको अवस्थामा तपाईंको घर र घर वरपरको वातावरण बिग्रन्छ।



त्यसो त **ठूलो साईजको फोहर फाल्नको लागि तपाईंको स्थानीय निकायमा आवेदन दिनुपर्दछ । ठूलो साईजको फोहर फाल्नको लागि तपाईंले पैसा तिर्नुपर्ने हुन्छ ।** ठूलो साईजका फोहर पूर्व सूचना विना नै आवासको फोहर फाल्ने ठाउँमा लगेर राखे पनि संकलन गरिंदैन।

बस्ने ठाउँको वरपर जहाँ फोहर फाल्ने अनुमति छैन त्यस्ता ठाउँमा फोहर फाल्न गैरकानूनी मानिन्छ । कानूनद्वारा निषेध गरिएको ठाउँमा फोहर फालेमा **जरिवाना तिर्नुपन** हुन्छ।

फोहर कसरी व्यवस्थापन गर्ने भन्ने बारेमा विस्तृत जानकारीको लागि आफ्नो स्थानीय निकायको सम्बन्धित विभागमा सम्पर्क गर्नुहोस्।

# फोहरको प्रकारहरुको उदाहरण

### जलाउन मिल्ने फोहर



भान्साबाट निस्कने खाद्यन्नको फोहर अथवा कागजका फोहर आदि ।

## जलाउन नमिल्ने फोहर



फुटेका प्लेट, कप, धातु, शिसा, छाता आदि ।

## पुनः प्रयोग गर्न मिल्ने फोहर



प्लास्टिकको कन्टेनर, बोतल, क्यान, प्लाष्टिकका बोतल, पत्रिका, किताब, गत्ता आदि ।

## ठूला फोहर


अनिवार्य स्थानीय निकायमा आवेदन दिनुहोस् ।



टेबल, कुर्सी र अन्य फर्निचर, साइकल, सिरक आदि ।

## घरायसी विद्युतीय सामान

स्थानीय निकायद्वारा संकलन गरिंदैन



कृपया पसल वा घरायसी सामग्री रिसाइकिलिङ रिसेप्शन केन्द्रमा आवेदन दिनुहोस ।

एयर कन्डिसनर, टेलिभिजन, रेफ्रिजिरेटर, फ्रिज, वाशिङ मेशिन, लुगा सुकाउने मेशिन आदि ।

# पानीको स्रोत

शौचालयमा **ट्वाईलेट पेपर बाहेक अन्य सामग्री केही पनि फ्लस** नगर्नुहोस् । विशेषगरी डाईपर, चुरोट, स्यानिटरीका उत्पादनहरू आदि शौचालयमा फ्लस गर्न सकिंदैन ।

साथै **भान्साको सिङ्कमा सिधै तेल नखन्याउनुहोस् ।**

अनुचित प्रयोगले पाइपहरू बन्द हुन सक्छन । जसले गर्दा फोहोर चुहावट हुन सक्छ । यदि तपाईंको प्रयोगको कारणले पाइपहरू बन्द भएमा मर्मत गर्नुपर्ने हुन्छ र **मर्मतका लागि लाग्ने खर्च तपाईं आफैले तिर्नुपर्ने** रहन्छ ।





# घरपालुवा जनावर पाल्न अनुमति छैन

भाडा संझौता गर्दा **कुकुर तथा विरालो लगायतका घरपालुवा जनावर पाल्न निषेध** गरिएको हुन्छ । विशेष गरी घरपालुवा जनावरहरूको आवाज र गन्धले छिमेकीहरूलाई बाधा पुऱ्याउन सक्छ ।





# सामुहिक स्पेशहरुको प्रयोग गर्ने तरिका

कररिडोर, सिँढी र वाल्कोनी जस्ता सामुहिक स्पेशहरू आपतकालीन अवस्थामा निकासी मार्गको रूपमा प्रयोग गर्न सकिने ठाउँहरू हुन । त्यस्ता ठाउँमा फोहोर अथवा व्यक्तिगत सामान नराख्नुहोस् । त्यस्ता ठाउँमा सामानहरू राख्दा आपतकालीन अवस्थामा बाहिर निस्कन वाधा पुऱ्याउनुका साथै त्यसले खतरा निम्त्याउन सक्छ ।

यसको अतिरिक्त निष्क्रिय धुम्रपान रोक्नको लागि कृपया वाल्कोनीसहित सामुहिक स्पेशहरूमा धुम्रपान नगर्नुहोस् ।




# कोठा सर्ने समयमा

कोठा सर्दा तपाईं बसेको कोठालाई पहिलेकै अवस्थामा पुर्नस्थापित गर्नुपर्ने हुन्छ । यदि तपाईंले कोठामा फर्निचर छोडनु भयो वा कोठा छोड्दा धेरै फोहोर बनाउनुभयो भने सामान फाल्न र सरसफाई गर्न पैसा लाग्ने हुन्छ । उक्त लागत तपाईंको धरौटीबाट कटौती गरिनेछ ।

**आफ्नो साईकल र मोटरसाईकल अनिवार्य आफैले लिएर जानुहोस् ।**

घरायसी सामान अथवा ठूला साईजका फोहरहरू स्थानीय निकायमा आवेदन नगरी फोहर फाल्ने ठाउँ, सामुहिक स्पेश तथा वाल्कोनी आदिमा फालेर जानुभएको भेटियो भने उक्त वस्तु **फाल्न लाग्ने खर्च तपाईंलाई तिर्न लगाईनेछ ।**





## [ सम्पर्क ]

**समय** विहान 9 बजेदेखि साँझ 6 बजेसम्म (शनि · आईत · नयाँ वर्षको बिदा बाहेक)

| ① विभिन्न प्रक्रियाहरु, भाडा भुक्तानी, आवासीय परामर्श सम्बन्धित सेवाको लागि | ② मर्मतको लागि आवेदन तथा सोधपुछ |
| --- | --- |
| | पानीको चुहावट, दुर्घटना, आगलागी, भवनमा भाडामा बसोबास गर्ने नागरिकहरुको सुरक्षा र मर्मत सम्बन्धी आपतकालीन अवस्थाहरुमा ३६५ दिन २४ सैं घण्टा सम्पर्क गर्न सकिनेछ । |
| फोन: **03-6279-2962**<br>फोन: **0570-03-0031** | फोन: **03-6279-2963**<br>फोन: **0570-03-0032** |

※ JKK टोकियो ग्राहक सहायता सेन्टरमा जापानी भाषामा मात्र कुरा गर्न सकिनेछ ।

2025 साल 3 महिनामा प्रकाशित

JKK **बसोबास पुस्तिका** (नेपाली संस्करण)

प्रकाशक: JKK टोकियो महानगरपालिका सार्वजनिक आवास विभाग, व्यवस्थापन शाखा